नगर कार्यपालिका बैठक,बैठक संख्या १४/०७७/०७८

आज मिति २०७७ साल चैत्र ३१ गते मंगलबार दिउसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मन्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोषन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेम ब. लामा | का. वा. अध्यक्ष | |
| २. | [illegible] | [illegible] | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

१. **बैठकको गणपुरक संख्या सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्य उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएकाले अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **यस अघिका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको मिति २०७७।१०।२० देखि २०७७।११।२० सम्म कार्यपालिकाका तीन वटा बैठक बसेको र ती बैठकमा २३ वटा निर्णयहरु भएकोमा एक वटा बाहेक सबै निर्णयहरु कार्यान्वयन भएको पाईयो ।२०७७।११।२० गतेको कार्यपालिका बैठकको सिफारिसका आधारमा २०७७।११।२१ गतेको नगर सभावाट स्वीकृत भएको संघ संस्था दर्ता ऐन अनुसार संघ संस्था दर्ता गर्ने काम सुरु भएको पाईएन । सो सम्बन्धमा नियमावली नभएकाले सो काम हुन नसकेको भन्ने बुझिएकाले चाँडो नियमावली वनाएर दर्ताको काम सुरु गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. **धरान उपमहानगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रतिवेदन स्वीकृत सम्बन्धमाः–**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ जारी गरी सो अनुसार स्वमूल्याङ्कन गर्न सहजीकरणका लागि विज्ञ समुह पठाएको र सो विज्ञ समूहले स्वमूल्याङ्कन सम्बन्धमा मिति २०७७।१२।२१ र २२ गते सहजीकरण गरि सो अनुसार यस उप महानगरपालिकाको स्वमूल्याङ्कन गरिएको र त्यसलाई पुष्टि गर्ने आधारहरु सम्बन्धित महाशाखा वाट तयारगरी सम्पर्क व्यक्ति वाट मन्त्रालयवाट उपलब्ध गराएको सफ्टवेयरमा प्रविष्ट गरी प्राप्त अन्तिम नतिजा आजको बैठकमा पेश भै सबै १० वटै क्षेत्रगत सुचकहरुको पुर्नमूल्याङ्कन गरियो । सो मूल्याङ्कन वाट कूल १०० पूर्णाङ्कमा आ.ब. २०७६।०७७ को जम्मा ६५ अंक प्राप्त भएकले त्यसलाई अनुमोदन गर्ने र सम्बन्धित निकायमा समेत पठाउने निर्णय गरियो ।

४. **भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरूको फारम भराउने कार्य लगायता विषयमा समिक्षा सम्बन्धमाः–**

भूमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीको फारम भराउने कार्य लगायत विषयमा आजको बैठकमा समिक्षा गरियो ।

५. **विविध विषय**

**क) तीनकुने सुन्दरबस्ती जग्गा विकास आयोजना क्षेत्रको मापदण्ड र सडक नामाकरण सम्बन्धमा ।**

- तीनकुने सुन्दर वस्ती जग्गा विकास आयोजना क्षेत्रमा उपमहानगरपालिकाले स्मार्ट वस पार्क निर्माण गर्न कार्य शुरुवात गरि सकेको र सो आयोजना क्षेत्रका जग्गाधनीहरुलाई आयोजनाले फिर्ता दिनु पर्ने जग्गा कित्ता काट गरी फिर्ता दिनु पर्ने भएको हुँदा सो सम्पूर्ण आयोजना क्षेत्रलाई पनि मुख्य बजार क्षेत्र सरह मानी सो सम्बन्धमा घडेरीको न्यूनतम क्षेत्रफल तिन धुर मानि सो सरहको मापदण्ड मिति २०७८/०१/०१ देखि लागु गर्ने निर्णय गरियो ।
- तीनकुने सुन्दर वस्ती जग्गा विकास आयोजना क्षेत्रभित्र आयोजना स्वीकृत हुनु पूर्व बनेका पक्कि संरचनाहरुको हकमा सडक र साईड सेटव्याक आयोजनाले सिमाना निर्धारण गरि दिए बमोजिमनै कायम हुने र आयोजनाको सिमाना सडकको बाहीर भएका घरहरुको हकमा सडक सेटव्याक अपुग हुने भएमा सो घरको लागि मात्र हाल उपलब्ध भएको सेटव्याकलाई नै सेटव्याक कायम गर्ने निर्णय गरियो।

निर्णय गरियो।

| सडकको नाम | देखि (Plot No.) | सम्म (Plot No.) | चौडाई |
|---|---|---|---|
| हाल नामाकरण हुन बाँकी | A-4 | D-14 | ६ मिटर |
| ,,,, ,, | B-1 | C-5 | ६ मिटर |
| ,,,, ,, | F-3 | G-8 | ४.५ मिटर |
| ,,,, ,, | D-3 | H-1 | ६ मिटर |
| ,,,, ,, | E-2 | I-1.C | १२ मिटर |
| ,,,, ,, | L-2 | M-3 | ६ मिटर |
| ,,,, ,, | M-2 | P-10 | ६ मिटर |
| ,,,, ,, | P-1 | Q-10 | ६ मिटर |
| ,,,, ,, | N-6 | O-1 | ६ मिटर |
| ,,,, ,, | Q-3.b | K | ७ मिटर |
| ,,,, ,, | D-5.b | H-2.a | ९ मिटर |
| ,,,, ,, | A-7 | C-2 | ६ मिटर |

**ख) नगर दररेट स्वीकृत सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको चालु आ.ब. को लागि नगर सभावाट स्वीकृत कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा विगतमा निर्धारण गरिएको दररेटमा छुट भएका तपशिलका निर्माण सामाग्रीहरूको दररेट नभएको कारण योजना कार्यान्वयनमा समस्या भएकाले योजना तथा ईन्जिनियरिङ्ग महाशाखा वाट तयार गरी पेश भएको तपशिलका सामाग्रीहरूको दररेट स्वीकृत गरियो । स्वीकृत दररेट छुट्टै प्रमाणित गरेर राखिएको छ।

**ग) क्षेत्र तोक्ने सम्बन्धमा :–**

भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीको स्थानीय तहवाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा ५ को उप दफा २ को प्रयोजनकालागि यस उपमहानगरपालिकाका वडाहरूलाई तपशिल अनुसार क्षेत्र तोक्ने निर्णय गरियो ।

१) साविक पांचकन्या गाँउ विकास समिति र बिष्णुपादुका गांउ विकास समितिको पहाडी भूभाग लाई ग्रामीण क्षेत्र ।

२) साविक पांचकन्या गाउ विकास समिति र बिष्णुपादुका गांउ विकास समितिको समथर भूभाग लाई शहरोन्मुख क्षेत्र र ।

३) साविक धरान नगरपालीकाका वडा नं. १ देखि १९ सम्मका वडाहरू शहरी क्षेत्र ।

**घ) खरिद गुरूयोजना संशोधन सम्बन्धमा :–**

आ.ब. २०७७।०७८ का लागि मिति २०७७।१०।१९ को कार्यपालिका बैठकवाट स्विकृत भएको खरिद गुरू योजनामा आठौ नगरसभा वाट केहि कार्यक्रमहरू संशोधन भएको हुनाले संशोधित खरिद गुरू योजना स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत खरिद गुरू योजना पछाडी टांस गरी प्रमाणित गरिएको छ ।

**ङ) पब्लिक हाईस्कूल धरान १२**

धरान १२ स्थित पब्लिक हाईस्कूल नेपाल सरकारको नमूना विद्यालय कार्यक्रममा छनौट भएको र नमूना विद्यालयको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत तयार भै पेश भएको विस्तृत आयोजना प्रतिवेदन ( डि.पि.आर. ) स्वीकृत गर्ने निर्णय गरियो ।

**च) कार्यदल गठनको जानकारी सम्बन्धमा :–**

नेपालको संविधानले स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५ अनुसार स्थानीय तहहरुले स्थानीय पाठ्यक्रम बनाएर अनिवार्य लागू गर्नु पर्ने भएकाले मिति २०७७।१२।२९ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुसार तपशिल अनुसारको स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन भएको ब्यहोरा नगर प्रमुख वाट बैठकमा जानकारी गराईयो ।

तपशिल

१) संयोजक – श्री राजेन्द्र शर्मा, पूर्व सह प्राध्यापक

२) सदस्य – श्री बासुदेव ढुङ्गेल , उप प्राध्यापक ,श्री पुष्पलाल मेमोरियल कलेज

३) सदस्य – श्री यमनाथ बराल , उप प्राध्यापक, श्री महेन्द्र बहुमखी कलेज

४) सदस्य – श्री योगेन्द्र पालुङ्गवा , प्रधानाध्यापक, किरातेश्वर माध्यमिक विध्यालय

५) सदस्य – श्री भीम बहादुर खवास , शिक्षक , श्री शिक्षा सदन माध्यमिक विध्यालय

६) सदस्य – श्री सुजन राई , शिक्षक , श्री अनन्त शिक्षा ज्योति आधारभूत विध्यालय

७) सदस्य सचिव – श्री ध्रुबराज खड्का , अधिकृत , शिक्षा ,युवा तथा खेलकुद माहाशाखा

८) आमन्त्रित सदस्य – श्री मनोज भट्टराई , अधिकृत , शिक्षा,युवा तथा खेलकुद महाशाखा

**छ) साविक विष्णुपादुका र पांचकन्याका साविकमा वनेका घरहरूको नक्सापास सम्बन्धमा :–**

यस उपमहानगरपालिकामा समायोजन भएका साविक पाँचकन्या गा.बि.स. र साविक विष्णुपादुका गा.वि.स. का मापदण्ड लागूहुनु पूर्व वनेका घरहरुलाई नक्सापासको दायरामा ल्याउने सम्बन्धमा मिति २०७६।१०।१३ गतेको कार्यपालिका बैठकवाट वडा नं १४ का वडाध्यक्षको संयोजकत्वमा गठन भएको समितिले अध्ययन गरी सिफारिस गर्ने र सो पछि आबस्यक निर्णय गरी अघिबढ्ने निर्णय गरियो।

**ज) न्यायीक समितिमा भएको सहमति अनुसार धरान १५ गणतन्त्र बस्तिको जग्गाको कित्ताकाटका लागि सिफारिस गर्ने सम्बन्धमा :-**

धरान -१५ स्थित साविक वाझँगरा २ "क" कि.नं. ६६ को ०-१४-५ जग्गामा विगत लामो समय देखि केहि मानिसहरु वसोवास गरीरहेकाले उक्त मानिसहरुको व्यवस्थापनका लागि उक्त जग्गा धनी श्री महेशमान श्रेष्ठले दिएको निवेदन अनुसार यस धरान उपमहानगरपालिकाको अव्यवस्थित वसोबास तथा भूमिहिन सुकुम्वासी व्यवस्थापन समिति अन्तर्गतको सहजीकरण समितिले गरेको सहजीकरणको आधारमा न्यायीक समितिमा दुवै पक्षविच छलफल भै जग्गाधनीले वसोबास गरेको जग्गा पास गरी दिन र वस्तीवासीले सहमति भएको मूल्य तिर्न सहमति भई मिलापत्र भएको तर उक्त कित्तामा धेरै घरहरु भएकाले हाल नेपाल सरकारको एक जग्गाको वर्षमा एक पटक मात्र कित्ताकाट गर्ने नीति अनुसार मिलापत्र कार्यन्वयनमा समस्या भएको साथै उक्त जग्गा अन्न उत्पादन हुने क्षेत्रपनि नरहेकाले उक्त कित्ताको आवश्यकता अनुसार कित्ताकाटको स्वीकृतिका लागि सम्बन्धित विभागलाई सिफारिस गर्ने निर्णय गरियो ।

**झ) साविक खानेपानी संस्थानले पानी तान्न प्रयोग गरेका विधुतीय उपकरणहरुको मर्मत सम्बन्धमा ।**

धरानमा रहेको खानेपानी संस्थान हाल धरान खानेपानी व्यवस्थापन बोर्डमा समायोजन भई खानेपानी व्यवस्थापन बोर्डबाट पानी वितरणको काम भईरहेकोमा साविक खानेपानी संस्थानले पानी तान्न प्रयोग गरेका विधुतीय उपकरणहरु पुराना र काम नगर्ने भएका कारण संस्थान तर्फबाट तान्नु पर्ने पानी उत्पादन हुन नसेको कारण पानी वितरणमा समस्या देखिएको भन्ने बुझिएकाले त्यस्ता विधुतीय उपकरणहरुको चाडो मर्मत तथा नयाँ खरिद गरि पानी उत्पादन र वितरण सहज बनाउँन खानेपानी व्यवस्थापन बोर्डलाई अनुरोध गर्ने निर्णय गरियो ।

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**

धरान उपमहानगरपालिका

योजना तथा ईन्जिनियरिंग महाशाखा

खरिद गुरु योजना (संशोधित)

.व. २०७७०७८

त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

ट उपशीर्षक नं.

| नं. | खरिको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | बार्षिक खरिद | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. ०७७/७८ | दोस्रो वर्ष आ.व. ०७८/७९ | तेस्रो वर्ष आ.व. ०७९/८० | चौथो वर्ष आ.व. ०८०/८१ | पाँचौ वर्ष आ.व. ०८१/८२ | |
| | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | तीनकुने सुन्दर वस्ती आयोजनाको पूर्वाधार विकास, धरान ८ | ठेक्का | ८२,०००,०००.०० | | ईकाई दर | १२,०००,०००.०० | ७०,०००,०००.०० | | | | आयोजनाभित्रका सबै बाटोहरुको ढल निर्माण |
| | बगरकोट-देउराली-ठिंगाबारी पिच निर्माण, धरान ५ | ठेक्का | ३५,०००,०००.०० | | ईकाई दर | ५,०००,०००.०० | ३०,०००,०००.०० | - | | | हिमाली मा.वि. हुदै बहुजातीय खेलमैदान सम्म |
| | सदनरोड, धरान ३ | ठेक्का | ३७,५००,०००.०० | | ईकाई दर | १,०००,०००.०० | ३६,५००,०००.०० | - | | | मापदण्ड अनुसार बाटो विस्तार गरी सडक निर्माण गर्ने |
| | रत्नरोड विस्तार, धरान २ | ठेक्का | २०,०००,०००.०० | | ईकाई दर | ५००,०००.०० | १९,५००,०००.०० | - | | | मापदण्ड अनुसार बाटो विस्तार गरी सडक निर्माण गर्ने |
| | सिंहदेवी मार्ग विस्तार, धरान २ | ठेक्का | १२,५००,०००.०० | | ईकाई दर | ५००,०००.०० | १२,०००,०००.०० | | | | |
| | मेयर पार्क निर्माण, वडा नं. १६ | ठेक्का | १२,०००,०००\|०० | | ईकाई दर | १,५००,०००\|०० | १०,५००,०००\|०० | | | | स्व. तारा सुब्बा स्मृति पार्कको बाकी काम सम्पन्न गर्ने |
| | महानन्द मार्ग र सनमार्ग बीचको खहरे करिडोर निर्माण, धरान १ | ठेक्का | १२,०००,०००\|०० | | ईकाई दर | ४,८००,०००\|०० | ७,२००,०००\|०० | | | | पिच सहितको खहरे कोरिडोर निर्माण गर्ने |
| | स्मार्ट बसपार्क निर्माण, धरान ८ | ठेक्का | ३४०,०००,०००.०० | | ईकाई दर | ३३,३००,०००.०० | १२०,०००,०००.०० | १८६,७००,०००.०० | | | संघीय समपूरक अनुदान र उपमनपाको ५०\| ५० लागत सहभागितामा |
| | कार्यालय भवन निर्माण-थप समेत | ठेक्का | ७६,५००,०००.०० | | ईकाई दर | २६,५००,०००.०० | ३०,०००,०००.०० | २०,०००,०००.०० | | | तल्लो तथा अन्तिम ब्लक समेत निर्माण गर्ने गरी |
| | कृष्णपथ धरान १५ | ठेक्का | १४,०००,०००.०० | | ईकाई दर | ३,५००,०००.०० | १०,५००,०००.०० | | | | सडक तथा ढल निर्माण गर्ने |
| | नमूनाबस्ती निर्माण, धरान ८ | ठेक्का | ५५,०००,०००.०० | | ईकाई दर | ५,०००,०००.०० | ५०,०००,०००.०० | | | | ३ वटा ब्लक निर्माण |
| | सभागृह पुन:निर्माण, धरान ८ | ठेक्का | ९०,०००,०००.०० | | ईकाई दर | १०,०००,०००.०० | ८०,०००,०००.०० | | | | साविकको सभागृहको आन्तरिक पुन:निर्माण गर्ने |
| | वडा कार्यालय भवन (१ नं.) निर्माण | ठेक्का | १९,०००,०००.०० | | ईकाई दर | ६,०००,०००.०० | १३,०००,०००.०० | | | | सुनसरी जि.स.स.बाट प्राप्त ५० लाख र वडा कार्यालय भवन १० लाख |

ख्य : यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन/संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ ।

र गर्ने अधिकृतः

खत :

तिः

रुजु गने आधकृतः

दस्तखत :

पदः

:

कार्यालय प्रमुखः

दस्तखत :

पदः

मितिः

विभागीय प्रमुख/मन्त्रालयको सचिव

दस्तखत :

पदः

मितिः